# बलेफी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

बलेफी, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

प. सं.: २०७७/०७८ मितिः २०७७/१२/०१

च. नं.: १९४८

श्री वडा अध्यक्ष ज्यू,
सबै वडा कार्यालय
सिन्धुपाल्चोक

विषय : आ.ब.२०७८/०७९ का लागि बेरोजगार ब्यक्तिहरुको विवरण सिफारिश गरी पठाउने सम्बन्धमा ।

प्रस्तुत विषयमा रोजगारीको हक सम्बन्धी ऐन,२०७५ को दफा ११, रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ को नियम ७ र प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ (पहिलो संशोधन २०७७) को दफा १८ बमोजिम आगामी आर्थिक वर्ष २०७८/०७९ मा न्यून आय भएका वा स्वरोजगार समेत नरहेको १८ वर्षदेखि ५९ वर्ष उमेर समूहका बेरोजगार नागरिकले २०७७ फागुन १ देखि फागुन मसान्त सम्ममा आफू स्थायी बसोबास गरेको सम्बन्धित वडा कार्यालयमा बेरोजगार ब्यक्तिको सूचीमा सूचीकृत हुन निवेदन दिनु हुनबारे सूचना प्रकाशित गरिएको ब्यहोरा विदितै छ ।

आ.ब. २०७८/०७९ को लागि सबै स्थानीय तहहरुमा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगंत न्यूनतम रोजगारीमा आवद्ध हुन चाहने बेरोजगार ब्यक्तिहरुको सूची रोजगार ब्यवस्थापन सूचना प्रणाली (EMIS) मा प्रविष्टि गर्नका लागि मिति २०७७/१२/०१ देखि २०७७/१२/३० सम्म प्रविष्टि हुने ब्यवस्था सम्बन्धित मन्त्रालयले मिलाइएकोले सोही अनुसार प्रविष्टि गर्नका लागि यहि मिति २०७७/१२/०५ गते भित्र सबै वडा कार्यालयहरुले 'वडा समितिको बैठक मार्फत बेरोजगार फारम छनौट गरी सिफारिशका साथ बेरोजगार निवेदन फारमहरु रोजगार सेवा केन्द्रमा पठाई सहयोग गरि दिनु हुन अनुरोध गरिन्छ ।

नोट : यदि ढिला फारम उपलब्ध भएमा सो विवरण अनलाइन प्रविष्टि गर्न समय नपुगी ढिला हुन गएमा वडा कार्यालय आफैं जवाफदेहि हुनुपर्ने छ ।

.............................................
शैलेन्द्र भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

शैलेन्द्र भण्डारी
प्रमुख प्रशासकीय अधिकृत